नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## कर्णाली प्रदेशको कालिकोट जिल्ला र सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामा प्रस्तावित रहफ भैरवस्थान-अशरा-तुल्ता वेलखेत-दुलाकोडा-भानाकोट-कालिकोट हिल्सा चाइना सिमाना सडक (८९.५६८ कि.मि.) स्तरोन्नतिको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको

## सार्वजनिक सूचना

प्रकाशित मिति २०८१।.....।...

प्रस्तावक श्री सडक विभाग, योजना अनुगमन तथा मूल्यांकन शाखाद्वारा प्रस्तावित रहफ भैरवस्थान-अशरा-तुल्ता वेलखेत-दुलाकोडा-भानाकोट-कालिकोट हिल्सा चाइना सिमाना सडक (८९.५६८ कि.मि.) स्तरोन्नतिको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन प्राप्त भएको छ।

**आयोजनाबाट प्रभाव पर्ने जिल्ला/नगरपालिका/ गाउँपालिका:**

| | |
|---|---|
| प्रभाव क्षेत्रमा पर्ने जिल्ला/न.पा./गा.पा. | सुदुरपश्चिम प्रदेश, अछाम जिल्लाको तुर्माखाँद गाउँपालिका वडा नं. १, २, ३, ६ र ८, कमलबजार नगरपालिका वडा नं. ३, पञ्चदेवल विनायक नगरपालिका वडा नं. ४, ५, ८ र ९ कर्णाली प्रदेश, कालिकोट जिल्लाको नरहरिनाथ गाउँपालिका वडा नं. ८,९, सान्नी त्रिवेणी गाउँपालिका वडा नं. १,२,३,४ र रास्कोट नगरपालिका वडा नं. ६, ७, ८ र ९ |

प्रस्तावित सडक अछाम जिल्लाको तुर्माखाँद गाउँपालिकाको रहफबाट सुरु भई कालिकोट जिल्लाको रास्कोट नगरपालिकाको वक्नर कोटीमा पुगेर अन्त्य हुने। यस सडकको फर्मेसन चौडाइ (सडक नाली सहित) १०.७ मि. रहने। हालको माटे सडकलाई चौडाइ वृद्धि र कालोपत्रे गरी सडकको स्तरोन्नति गरिने। प्रस्तावित सडकको क्षेत्राधिकार (Right of Way) ५० मि. (मध्य रेखा बाट दुवै तर्फ २५-२५ मि.) को रहेको जसमा ७ मि. को carriage way, १/१ मि. सोल्जर चौडाइ दुवै तर्फ प्रस्ताव गरिएको र सडकको design speed ३० कि.मि. प्रति घण्टा रहने। प्रस्तावित सडकको क्षेत्राधिकार भित्र कुल जम्मा ४१७.५ हे. र फर्मेशन विथमा (नाला सहित) कुल जम्मा ९२.०५ हे. जमिन र सडकको स्तरोन्नति गर्दा वृद्धि हुने चौडाइको लागि कुल ६५.१५ हे. आवश्यक पर्ने देखिन्छ। आयोजनाबाट ४२ घरधुरी प्रभावित हुने उल्लेख छ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न मिल्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरुमा तथा यस मन्त्रालयको वेबसाइट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ। उक्त प्रतिवेदनका सम्वन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो लिखित रुपमा राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:**

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाडौं।

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, ववरमहल, काठमाडौं।

श्री नेपाल राष्ट्रिय पुस्तकालय, सानो ठिमी, भक्तपुर।

श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, किर्तिपुर, काठमाडौं।

श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरवार, काठमाडौं।

श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, सिनामंगल, काठमाण्डौ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, अछाम ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, कालिकोट।

नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

श्री तुर्माखाँद गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, अछाम।
श्री कमलबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, अछाम।
श्री पञ्चदेवल विनायक नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, अछाम।
श्री नरहरिनाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कालिकोट।
श्री सान्नी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कालिकोट।
श्री रास्कोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कालिकोट।
श्री डिभिजन वन कार्यालय, अछाम।
श्री डिभिजन वन कार्यालय, कालिकोट।

राय सुझाव पठाउने ठेगाना
वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव अध्ययन शाखा,
सिंहदरबार, काठमाण्डौ।
फो.नं., ०१-४२११५६७, ४२११९४६ फ्याक्सनं. ०१-४२११८६८
Email: - info@mofe.gov.np